श्री सर्वोच्च अदालतमा पेश गरेको

लिखित जवाफ

मार्फतः श्री महान्यायाधिवक्ताको कार्यालय,

रामशाहपथ, काठमाडौं ।

संवत् २०७७ सालको रिट नं. ------------------------------------------------------- WC-००७१

नेपाल सरकार, मन्त्रिपरिषद्को तर्फबाट

नेपाल सरकारको मुख्य सचिव शंकरदास बैरागी----------------------------- लिखितजवाफ प्रस्तुतकर्ता

प्रत्यर्थी

विरुद्ध

उदय सिहं देउवाको नाति प्रसाद सिहं देउवाको छोरा जिल्ला डडेलधुरा गन्यापधुरा वार्ड नं.१ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं.२ बस्ने नेपाली कांग्रेसका पार्टी सभापति वर्ष ७६ को शेर बहादुर देउवासमेत ------------------------------ विपक्षी/रिट निवेदक

मुद्दाः-उत्प्रेषण समेत ।

विपक्षी रिट निवेदकहरुले नेपाल सरकार, मन्त्रिपरिषद्समेतलाई प्रत्यर्थी बनाई सम्मानित अदालतसमक्ष दिनुभएको २०७७ WC-००७१ को रिट निवेदनमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारणसहित आदेश प्राप्त भएको मितिले सात दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भन्ने आदेशसहितको सूचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७८।२।२८ मा प्राप्त हुन आएकोमा म्यादभित्रै देहाय बमोजिम लिखित जवाफ पेश गरेको छुः-

१. निवेदकहरू २०७४ साल मंसिरमा सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनबाट निर्वाचित प्रतिनिधि सभाको सदस्य हौं। मिति २०७८।१।३० मा संविधानको धारा ७६ को उपधारा (३) बमोजिम श्री केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त हुनु भएकोले संविधानको धारा ७६ को उपधारा (४) बमोजिम विश्वासको मत लिनु पर्नेमा नलिई मिति २०७८।२।६ गते संविधानको धारा ७६ को उपधारा (५) बमोजिम वैकल्पिक सरकार गठनको लागि प्रक्रिया प्रारम्भ गर्न सिफारिस गर्नु भयो । सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्तिको लागि मिति २०७८।२।७ गते साँझ ५:०० वजे सम्मको समयावधि तोकी प्रतिनिधि सभामा विश्वासको मत प्राप्त

गर्न सक्ने आधार प्रस्तुत गर्न आह्वान भएकोमा सो बमोजिम निवेदकबाट पेश भएको दावीलाई दोहोरो हस्ताक्षर भई दावी पेश भएको भनी दावीकर्ताको दावी नपुग्ने भनी निर्णय गरियो । नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम संविधानको धारा ७६ को उपधारा (४) र (५) को प्रक्रिया नै पूरा नगरी मिति २०७८।२।८ मा प्रतिनिधि सभा विघटन गरी मिति २०७८।७।२७ र मिति २०७८।८।३ गते प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी राष्ट्रपतिको कार्यालयबाट जारी सूचना तथा तत्सम्बन्धी काम कारवाही उत्प्रेषणको आदेशबाट बदर गर्न, निर्वाचनको कार्यक्रम अगाडि नबढाउन, अध्यादेशबाट बजेट जारी नगर्न, परमादेशको आदेश जारी गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदन दाबी रहेछ ।

२. नेपालको संविधान (यस पछि "संविधान" भनिएको) को धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने उल्लेख गरिएको छ । दलीय आधारमा सरकार गठन गर्ने संसदीय शासन प्रणालीको आधारभूत विशेषता हो । दलीय व्यवस्थालाई मजबुत बनाउन तथा आवधिक निर्वाचनलाई व्यवस्थित गर्न संविधानको भाग-२९ मा राजनीतिक दल सम्बन्धी व्यवस्था रहेको छ । उक्त संवैधानिक व्यवस्था बमोजिम राजनीतिक दल सम्बन्धी ऐन, २०७३ तथा निर्वाचनसम्बन्धी कानूनहरु जारी भएका छन् । संविधानले प्रतिनिधि सभाको सदस्यको लागि हुने निर्वाचन प्रत्यक्ष तथा समानुपातिक समावेसी पद्धतिबाट हुने गरी व्यवस्था गरेको छ । समानुपातिक निर्वाचनमा देश भरलाई एउटा निर्वाचन क्षेत्र मानी दलले प्राप्त मतको आधारमा दलबाट पेश भएको बन्दसूचीमा रहेका उम्मेदवार विजयी हुने व्यवस्था गरिएको छ । संविधानको प्रस्तुत व्यवस्थाले दलीय संलग्नताको आधारमा राजनीतिक दलको सिफारिसबाट निर्वाचित प्रतिनिधि सभा सदस्यको सम्बन्धित राजनीतिक दलभन्दा बाहिर गई स्वतन्त्र हैसियतमा कार्य गर्न पाउने अवस्था छैन । संविधान तथा कानून बमोजिम नेपालको राजनीतिक प्रणालीले दलीय व्यवस्थालाई नै सरकार सञ्चालनको एकमात्र आधार बनाएकोले सो बाहेक अन्य आधारमा सरकार गठन तथा सञ्चालन हुने गरी संविधानले परिकल्पना गरेको छैन ।

३. मिति २०७४ सालमा सम्पन्न प्रतिनिधि सभाको निर्वाचन पश्चात संविधानको धारा ७६ को उपधारा (२) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भई मन्त्रिपरिषद गठन भएको थियो । सम्माननीय प्रधानमन्त्रीको सिफारिस बमोजिम मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भएकोमा सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७७-WC-००३७ सहितका मुद्दामा मिति २०७७।११।११ मा जारी आदेश बमोजिम प्रतिनिधि सभा पुन:स्थापना भई मिति २०७७।११।२३ देखि प्रतिनिधि सभाको सातौं अधिवेशन आह्वान भएको थियो । उक्त अधिवेशनको अन्त्य भएपछि सम्माननीय प्रधानमन्त्रीबाट आफूलाई संविधानको धारा १०० बमोजिम प्रतिनिधि सभाको विश्वास छ भन्ने प्रस्ताव राख्न मन्त्रिपरिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८।१।२७ का लागि प्रतिनिधि सभाको अधिवेशन आह्वान भएको हो । उक्त मितिमा बसेको प्रतिनिधि सभाको बैठकबाट प्रधानमन्त्रीबाट पेश भएको प्रतिनिधि सभाको विश्वास छ भन्ने प्रस्ताव पारित हुन नसकेपछि सम्माननीय राष्ट्रपतिबाट संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्तिको लागि आह्वान भएकोमा प्रतिनिधि सभामा दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने गरी कुनै पनि तत्कालीन प्रतिनिधि सभाका सदस्यबाट निर्धारित समयमा दाबी पेश हुन सकेन । तसर्थ, संविधानको धारा ७६ को उपधारा (३) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली मिति २०७८।१।३० मा प्रधानमन्त्रीमा नियुक्त भई मिति २०७८।१।३१ मा पद तथा गोपनियताको शपथ लिनु भएको हो ।

४. संविधानको धारा ७६ को उपधारा (३) बमोजिम प्रधानमन्त्रीमा नियुक्त प्रतिनिधि सभामा सबैभन्दा वढी सदस्यहरु भएको दलको संसदीय दलको नेताले उपधारा (४) बमोजिम नियुक्त भएको तीस दिनभित्र प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्नु पर्ने प्रावधान भए तापनि त्यस्तो विश्वासको मत प्राप्त हुने राजनीतिक आधार नदेखिएको र मुलुकलाई अन्योलमा राख्न उचित नभएको हुँदा वैकल्पिक सरकार गठनको लागि मार्ग प्रशस्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया आरम्भ गर्न नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८।२।६ मा निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट सम्माननीय राष्ट्रपति समक्ष सिफारिस भएको हो । सोही आधारमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८।२।७ गते साँझ ५:०० बजेसम्म संविधानको धारा ७६ को उपधारा (५) बमोजिम संविधानको धारा ७६ को उपधारा (२) बमोजिमका प्रतिनिधि सभाका सदस्यलाई प्रधानमन्त्रीमा नियुक्तिको लागि दाबी पेश गर्न आह्वान भएको थियो ।

५. राष्ट्रपति कार्यालयको मिति २०७८।२।६ को आह्वान बमोजिम निर्धारित समय सीमाभित्र दुई जना माननीय सदस्यहरुबाट प्रधानमन्त्रीमा नियुक्त गरी पाउँ भनी दाबी पेश भएकोमा "दाबीकर्ता दुवै माननीय सदस्यहरुका समर्थनकर्ता भनिएका सदस्यहरु एक अर्कामा दोहोरो परेका, दलको निर्णय विपरीत एकले अर्कोलाई समर्थन गरेको समेत देखिएको र सम्बन्धित दलले मान्यता नदिन लेखी आएको समेत देखिएकोले नेपालको संविधानको धारा ८९ को खण्ड (ङ) समेत आकर्षित हुन सक्ने, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिच्छेद-६ का विषयहरु समेतलाई ध्यान दिँदै दाबीकर्ता दुवै माननीय सदस्यहरुले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने ठोस आधार नदेखिएकोले उक्त उपधारा (५) बमोजिमका दुवै माननीय सदस्यहरुको दाबी नपुग्ने देखिएकोले प्रधानमन्त्री पदमा नियुक्ति गर्न मिल्ने देखिएन" भन्ने व्यहोराको सूचना नेपाल राजपत्र, भाग ४, खण्ड ७१, अतिरिक्ताङ्क १६(ग), मिति २०७८।२।७ मा प्रकाशित समेत भएको छ । संविधानको धारा ७६ को उपधारा (५) बमोजिमको प्रधानमन्त्री हुन पहिले नै राष्ट्रपति समक्ष आफूले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने कुरा पुष्टि हुने गरी आधार पेश गर्नु पर्नेमा सो बमोजिम आधार पेश नभएको अवस्थामा प्रधानमन्त्रीमा नियुक्त हुन मिल्ने हुँदैन । त्यस्तो आधार पर्याप्त छ वा छैन तथा दाबी साथ पेश भएका आधार संविधान तथा कानून बमोजिम छन् छैनन भन्ने विषय सम्माननीय राष्ट्रपतिबाट यकीन हुने विषय हो । संविधानको धारा ६१ को उपधारा (२) र (४) बमोजिम संविधानको पालन र संरक्षण गर्ने संस्थाबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा हुने काम बाहेक राष्ट्रपति स्वयंबाट निर्णय हुने विषयमा रिट क्षेत्राधिकारबाट उपचार माग गर्न मिल्दैन ।

६. संविधानको धारा ७६ को उपधारा (५) ले उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्नेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै उपधारा (६) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्ने व्यवस्था रहेको छ भने उपधारा (७) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ भन्ने

संवैधानिक व्यवस्था रहेको छ । संविधानको धारा ७६ को उपधारा (५) को व्यवस्थाले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेको अवस्थामा मात्र उपधारा (२) बमोजिमको सदस्यलाई राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त हुने हो । सो आधार प्रस्तुत गर्न नसकेको अवस्थामा दावी हुँदैमा प्रधानमन्त्रीमा नियुक्त गर्नु पर्ने भन्ने हुँदैन । त्यस्तो दावी थियो वा थिएन भन्ने विषय अदालतबाट न्याय सम्पादनको क्रममा निरुपण हुने विषय होइन ।

७. संविधानको धारा ७५ को उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुने छ भन्ने व्यवस्था रहेको छ । ऐ को उपधारा (२) मा यो संविधान र कानूनको अधीनमा रही नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषदमा हुनेछ भनी व्यवस्था रहेको छ । त्यस्तै ऐ को उपधारा (३) ले नेपालको संघीय कार्यकारिणी सम्बन्धी सम्पूर्ण काम नेपाल सरकारको नाममा हुने गरी व्यवस्था गरेको छ । संविधानको धारा ६६ को उपधारा (१) मा राष्ट्रपतिले यो संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ भन्ने व्यवस्था रहेको छ भने ऐ को उपधारा (२) मा उपधारा (१) बमोजिम अधिकारको प्रयोग र कर्तव्यको पालन गर्दा यो संविधान वा संघीय कानून बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानी साथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन हुने अन्य जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ । त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ भन्ने व्यवस्था रहेको छ । जहाँसम्म संविधानको धारा ७६ बमोजिम प्रधानमन्त्रीको नियुक्तिको विषय छ यो मन्त्रिपरिषदबाट निर्णय भई प्रधानमन्त्रीबाट सिफारिस साथ राष्ट्रपति समक्ष पेश हुने विषय नभै संविधान बमोजिम राष्ट्रपतिबाट नियुक्त गर्ने विषय हो । तसर्थ, राष्ट्रपतिबाट स्वयं गरिने विषयहरु न्याय निरुपण हुने विषय अन्तर्गत पर्दैनन् ।

८ रिट निवेदकले प्रतिनिधि सभा विघटनको सिफारिस के कुन आधारमा कानून विपरीत भन्नु भएको हो त्यसको कुनै आधार र कारण उल्लेख गर्न सकेको अवस्था छैन । संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन नसकी सो कुरा राष्ट्रपति कार्यालयबाट नेपाल राजपत्रमा सूचना प्रकाशन भइसकेपछि संविधानको धारा ७६ को उपधारा (७) ले निर्धारण गरेको संवैधानिक व्यवस्था बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गर्न र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सीर ३ गते शुक्रबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति घोषणा हुन सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८।२।८ मा निर्णय भई सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीबाट सम्माननीय राष्ट्रपति समक्ष सिफारिस भए बमोजिम सोही मितिमा मौजूदा प्रतिनिधि सभा विघटन भई नयाँ प्रतिनिधि सभाको लागि निर्वाचनको मिति निर्धारण भएको हो ।

९.रिट निवेदकले दावी गरेको कोभिड-१९ को कारण निर्वाचन प्रभावित हुन्छ कि भन्ने सन्दर्भमा कोभिड-१९ वा अरु कुनै पनि प्रकारको महामारीले निर्वाचन तथा लोकतान्त्रिक प्रक्रियालाई प्रभावित गर्नु हुँदैन। यही महामारीका बीच अन्य मुलुकहरुमा निर्वाचन भएका छन् । कोभिड-१९ सङ्क्रमणको अर्को लहर नआवस र आएमा पनि यसले गंभीर असर नपारोस भन्नका लागि सरकारका तर्फबाट सबै प्रयास भएकै छन् । सङ्क्रमण भए तापनि त्यसलाई व्यवस्थापन गरेर सङ्क्रमणको जोखिम नबढ्ने गरी निर्वाचन हुने हुँदा कसैले पनि कोभिड-१९ को कारण निर्वाचन हुँदैन भन्ने काल्पनिक तर्कको आधारमा संविधान बमोजिम घोषणा भएको निर्वाचन नहुने भन्ने हुँदैन ।

१०.अतः माथि उल्लिखित बुँदाका आधारमा प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर निवेदन गर्दछु ।

११.मुद्दाको सुनुवाइको क्रममा उपस्थित हुनु हुने सरकारी वकील तथा अन्य कानून व्यवसायीको बहस जिकीर समेतलाई यस लिखित जवाफको अभिन्न अंग मानी पाउँ ।

<u>लिखितजवाफ प्रस्तुतकर्ता</u>

(शंकरदास बैरागी)
मुख्य सचिव
नेपाल सरकार

इति सम्वत् २०७८ साल असार महिना ३ गते रोज ५ शुभम् .........